NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

**२१ माघ २०६६**
*तत्काल प्रकाशनका लागि*

**सम्पर्क:**
**एटलान्टामा: डेबोरा हेक्स, +४०४-४२०-५१२४**
**काठमाडौंमा: स्यारा लेभिट-शोर, +९७७ १ ४४४-५०५५/१४४६**

## संयुक्त राज्य अमेरिकाका पूर्व राष्ट्रपति जिम्मी कार्टरको नेपाली जनताका लागि खुला पत्र

म विगत धेरै वर्षदेखि नेपालको प्रगतिलाई नियालिरहेको छु तथा दीगो शान्ति र समावेशी प्रजातन्त्रप्रति तपाईंहरुको निरन्तर समर्पणको म प्रशंसा गर्दछु ।

नेपालभरिका कार्टर सेन्टरका पर्यवेक्षकहरुका विवरणका आधारमा म र मेरा सहकर्मिहरु वर्तमान राजनैतिक गत्यावरोध तथा शान्ति प्रक्रियाको सुस्त प्रगतिप्रति चासो राख्दछौं । तथापि, उच्चस्तरीय राजनैतिक संयन्त्रको निर्माण र राजनैतिक नेताहरुबीचको वार्तालाई सहयोग पुग्ने वर्तमानका प्रयासहरुबाट म उत्साहित छु र आशा गर्दछु कि यी वार्ताहरुले शान्ति प्रक्रियालाई पुनः मार्गमा ल्याउने छन् । माओवादी लडाकुहरुको समायोजन तथा पुनर्स्थापनाका लागि सरकारको भर्खरै प्रस्तावित कार्य योजना स्वागतयोग्य छ र म आशा गर्दछु कि दलहरु यस मुद्दामा राजनैतिक सहमतिमा पुग्न सक्षम हुनेछन् । अन्त्यमा, अयोग्य माओवादी लडाकूहरुको जारी बहिर्गमनको लागि सरकार, एनेकपा(मा) तथा संयुक्त राष्ट्रसंघलाई बधाई ज्ञापन गर्दछु । म आशा गर्दछु कि यसले भावी सकारात्मक कार्यका लागि प्रेरणा प्रदान गर्नेछ ।

नयाँ संविधानको लागि मे २८ को समयसीमा द्रुत गतिमा नजिकै आउँदैछ । संविधानसभाले मननयोग्य प्रगति गरेको छ भन्ने सुनेकोमा म हर्षित छु र समयसीमा भित्रै प्रजातान्त्रिक, समावेशी तथा बृहत्तर रुपमा स्वीकारयोग्य संविधान निर्माण गर्न नेपालका राजनैतिक नेता तथा संविधानसभा सदस्यहरुलाई आफ्ना प्रयासहरुलाई पुनः दोब्बर बनाउन प्रोत्साहित गर्दछु । साथै, मे २९ मा आउन सक्ने कुनै पनि प्रकारको संकटलाई रोक्न प्रजातान्त्रिक प्रक्रियाको विना कुनै अवरोध निरन्तरता सुनिश्चित गर्न योजना तयार हुनुपर्दछ ।

म शान्ति प्रक्रिया तथा संविधान मस्यौदालाई अघि बढाउनका लागि नेपालका सबै राजनैतिक नेताहरुलाई एउटा सहमतिमा पुग्न आग्रह गर्दछु । सबै पक्षहरुले उत्तेजक आलोचना तथा कार्यहरु रोक्नु पर्छ साथै नेपालको ऐतिहासिक शान्ति प्रक्रियाको मार्गदर्शक दस्तावेजमा समाहित शान्ति, प्रजातन्त्र, न्याय, मानव अधिकार, कानूनको राज्य तथा प्रेस स्वतन्त्रताका सिद्धान्तहरुमा फर्कनु पर्दछ । लगातारको ढिलाईले नेपाली जनतामा नैरास्यता पैदा गर्न सक्छ र नेपालको भविष्यमाथि नै नकारात्मक असर पार्न सक्छ ।

म नेपाली जनताहरुप्रतिको समर्थनमा प्रतिबद्ध छु किनकी तपाईंहरु दीगो शान्ति तथा सम्बृद्धिको मार्गमा हुनुहुन्छ । २००५ देखि हामीले नेपालका नेताहरुले शान्ति तथा प्रजातन्त्रको महान सिद्धान्तलाई आत्मसात गर्दै अप्ठेरा निर्णय तथा सम्झौताहरु गरेको देखेका छौं र म विश्वस्त छु कि यस कठिन घडीमा पनि उहाँहरुसँग यो शक्ति तथा साहस हुनेछ ।

मेरा चिन्तन तथा प्रार्थना तपाईंहरुसँगै छन् ।